# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- २३**

मिति २०८०।१०।२३

## छलफल तथा निर्णय

निर्णयहरु :

समितिको आज बसेको बैठकमा **"सामाजिक सञ्जाल तथा समाचार माध्यमहरुमा आएको चालु आ.व.मा ६१ करोड रकम विनियोजन गरेर धनगढी उपमहानगरपालिकाका विभिन्न १९ वटा योजनाहरु बहुवर्षिय योजनाका रुपमा ठेक्का लागेका भन्ने व्यहोराको समाचार, पुर्वाधारको क्षेत्रसँग सम्बन्धित विभिन्न सवाल र मन्त्रालयको कामकारवाहीप्रति उत्पन्न भएको तिव्र असन्तुष्टि तथा बहुवर्षिय योजनाहरु र तिनको प्रगति विवरण, विभिन्न कारणबाट प्रभावित भई समयमै निर्माण सम्पन्न हुन नसकि अलपत्र रहेका योजनाहरुका, प्रदेश राजधानी, प्रदेशको आवधिक योजना** सम्बन्धमा भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिव श्री सुरत कुमार बमको उपस्थितिमा विस्तृत छलफल भई देहायबमोजिमको निर्णय गरियो ।

१. सुदूरपश्चिम प्रदेश सभाबाट प्रदेशको राजधानी र नाम दुईतिहाइबाट पारित भएको अवस्था जगजाहेर छ । तत्पश्चात सुदूरपश्चिम प्रदेश सरकारले मिति २०७६।७।२१ गते प्रदेशको राजधानीको भौतिक पुर्वाधार निर्माण सम्पन्न गर्न र सोसँग सम्बद्ध काम कारवाहीलाई व्यवस्थित ढङ्गले अगाडी बढाउन **सुदूरपश्चिम प्रदेश राजधानी पुर्वाधार विकास समिति (गठन) आदेश, २०७६** स्वीकृत गऱ्यो। प्रदेश राजधानी रहने स्थानमा जग्गा प्राप्ति तथा भौतिक संरचना निर्माण कार्य हालसम्म पनि शुरु नभएको र यसतर्फ प्रदेश सरकारले चासो नदेखाएको कुरा चालु आ.व.को बार्षिक बजेट तथा कार्यक्रममा राजधानीसँग सम्बन्धित कुनै कुरा समावेश नहुनुबाट नै पुष्टि हुन जान्छ । आजका मितिसम्म पनि राजधानीको कुनै पनि संरचनाको तयारीमा सरकारको ध्यान नपुग्नु र अस्थायी मुकामबाट नै प्रदेशको कामकारवाही सञ्चालन हुने गरी बजेट तथा कार्यक्रमहरु बन्नु भनेको सार्वभौम प्रदेश सभाको निर्णयको अवमुल्यन भएको ठहर समितिले गरेको छ । सरकारले स्विकृत गरेको गठन आदेश बमोजिमका कार्यहरु समेत हालसम्म हुन नसक्नुमा कसको कमजोरी हो? हालसम्म राजधानीको पुर्वाधार निर्माण तथा जग्गा प्रासी सम्बन्धमा के कस्ता कामहरु प्रदेश सरकारबाट भए? सो कामका लागि के कति रकम खर्च गऱ्यो? उक्त कार्यसँग सम्बन्धित सम्पूर्ण विवरण यथाशिघ्र उपलब्ध गराउन समिति मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयलाई निर्देश गर्दछ।

२. दक्ष प्राविधिक जनशक्ति अभावका कारण विकास र पुर्वाधारसँग सम्बद्ध आयोजनाहरुको काम समयमै गुणस्तरीय रुपमा सम्पन्न हुन नसकेको, कामको अनुगमन निरिक्षणमा बाधा पुगेको, साथै अत्यधिक कामको चापका कारण विकास निर्माणका कार्यहरु अवरुद्ध भैरहेको सन्दर्भमा भौतिक पुर्वाधार विकास मन्त्रालय मातहतका विभिन्न जिल्लामा रहेका कार्यालयहरुको निरिक्षण गर्दा कर्मचारी अभावले गर्दा योजना कार्यान्वयन गर्न नसकिएको जसले गर्दा पुंजीगत खर्च न्यून भएको बुझिन आएको छ । प्रदेश संरचनाको गठनको ६ वर्ष र प्रदेश निजामती सेवा ऐन बनेको १ वर्ष वितिसक्दा पनि मौजुदा दरवन्दीमा कर्मचारी पदपुर्ति गर्न नसक्नु, संगठन तथा व्यवस्थापन सर्भे (O&M) गरी प्रदेशका विभिन्न सरकारी निकायहरुका लागि आवश्यक कुल कर्मचारीहरुको संख्या

समेत यकिन गर्न नसक्नुमा प्रदेश सरकारको संयन्त्र निकै कमजोर रहेको भान हुन्छ । त्यसैको असर प्रदेश सभा र यसका विषयगत समिति तथा संसदीय दलका कार्यालयहरुमा परेको छ । तसर्थ, प्रदेश सरकारलाई मातहतका निकायहरु सञ्चालन तथा सरकारका नीति तथा योजना कार्यान्वयनका लागि आवश्यक कर्मचारीहरुको संख्या यकिन गर्न **प्रदेश सरकारको कानुन बमोजिम संगठन तथा व्यवस्थापन सर्भे (O&M) को कार्य तत्काल प्रारम्भ गर्न** मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र भौतिक पुर्वाधार विकास मन्त्रालय लाई निर्देशन दिने ।

३. सुदूरपश्चिम प्रदेशको भौगोलिक अवस्थितिलाई समेत ध्यानमा राख्दै निर्माणाधीन सडकहरुमा पानीको वहावको समेत आँकलन गरी थप अध्ययनका आधारमा आवश्यक मात्रामा कलभर्ट र क्रस ड्रेनेजहरु निर्माण गरी सडक निर्माणलाई तिव्रता दिन समिति भौतिक पुर्वाधार विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

४. कतिपय स्थानहरुमा इन्जिनियरीङ्ग सर्भे अध्ययन विना परम्परागत रुपमा जथाभावी ट्र्याक खोल्ने कार्य भईरहेको पाईएकोले त्यस्ता जथाभावी परम्परागत हिसावले विकास निर्माणको काम गर्ने, सडक खन्ने कार्यलाई रोकी श्रोत साधनको दुरुपयोग र वातावरण विनाश नहुने गरी कार्यान्वयन गर्न/गराउन समिति भौतिक पुर्वाधार विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

५. डिजाईनमा समस्या भएका, निर्माण व्यवसायीका कारण अलपत्र परेका र कावु बाहिरको अवस्थामा पुगेका सम्पुर्ण भौतिक पुर्वाधारहरुको विवरण र समस्या समाधानका आगामी कार्ययोजना समेत ७ दिनभित्र समितिमा पेश गर्न समिति भौतिक पुर्वाधार विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

६. प्रदेश सरकारले प्राथमिकताक्रम छुट्याएर प्रदेश र स्थानीय तहमा निश्चित मापदण्डका आधारमा सन्तुलित बजेट विनियोजन गर्न एवं स्थानीय तहमा हस्तान्तरण गरिएका आयोजनाहरु समयमा नै सम्पन्न हुने सुनिश्चितता गर्न समिति भौतिक पुर्वाधार विकास मन्त्रालयलाई निर्देश गर्दछ ।

७. नेपाल प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेको मुलुक हो । त्यसैमाथि सुदूरपश्चिम प्रदेशको भु-धरातल झन कमजोर हुँदै गएको अवस्था छ । प्रदेशका विभिन्न जिल्लाहरुमा हरेक वर्ष बाढी पहिरो, भुकम्प, आगलागि जस्ता विभिन्न प्राकृतिक विपदबाट सिर्जना हुने समस्याका कारण नागरिकले सास्ती खेपिरहेको तर्फ प्रदेश सरकारको ध्यान केन्द्रित हुनुपर्छ । भुकम्प पछिको पुनःनिर्माण, बाढि पहिरोबाट पिडित नागरिक र समुदायको उचित व्यवस्थापन, जोखिमपुर्ण वस्तीहरुलाई स्थानान्तरण गर्ने, पहिरोका कारण क्षतिग्रस्त भौतिक पुर्वाधारको मर्मत सम्भार तथा पुनःनिर्माण गर्ने, एकिकृत वस्ती विकास गर्ने, हरेक वर्ष विपदबाट हुने क्षतीलाई न्युनिकरण गर्न दूरगामी महत्वको दिर्घकालीन कर्यक्रम र कार्ययोजना बनाएर त्यसको कार्यान्वयन गर्नु अहिलेको मुख्य आवश्यकता हो । यसतर्फ प्रदेश सरकारले गम्भीर रुपमा सोच्न पर्दछ । प्राकृतिक विपदबाट क्षतिग्रस्त भौतिक पुर्वाधारका संरचनाहरुको पुनःनिर्माण तथा मर्मत सम्भार गर्ने सम्बन्धमा प्रदेश सरकारको योजना के हो? अव्यवस्थित र अनियन्त्रित तवरका संरचना सुधार गरी प्राकृतिक

# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**बैठक संख्या :- २३**

मिति २०८०।१०।२३

## छलफल तथा निर्णय

विपदबाट सिर्जना हुने समस्याका कारण वर्षेनी नागरिकले खेपिरहनु परेको दुःख न्युनिकरण गर्न के कस्तो रणनीति तथा कार्ययोजना बनाएको छ? प्राकृतिक विपद् निम्त्याउन सक्ने के कति क्षेत्रहरुको पहिचान गरेको छ? सो क्षेत्रहरुको व्यवस्थापनका लागि प्रदेश सरकारले भावी योजना के बनाएको छ? सो सम्बन्धमा स्पष्ट जानकारी शिघ्रातीशिघ्र उपलब्ध गराउन समिति भौतिक पुर्वाधार विकास मन्त्रालय र नीति तथा योजना आयोगलाई निर्देश गर्दछ।

८. प्रदेशको सुशासन, दिगो विकास तथा समृद्धिका लागि आवधिक योजनाको तजुर्मा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्न, नीतिको अनुसन्धान तथा विकास गर्न प्रदेश नीति तथा योजना आयोगको गठन भएको व्यहोरा अवगत गराउँदै हालसम्म TOR बमोजिमका के कस्ता कार्यहरु सम्पन्न भए? सुदूरपश्चिम प्रदेशको आवधिक योजना के कस्तो बनाईयो? त्यसको कार्यान्वयन र अनुगमनको संयन्त्र के बनाईयो? सरकारलाई आवश्यक के कस्ता नीतिको अनुसन्धान तथा विकास गरियो? लगायतका सम्बन्धमा विवरण शिघ्रातीशिघ्र उपलब्ध गराउन समिति प्रदेश नीति तथा योजना आयोगलाई निर्देश गर्दछ।

९. समितिको अर्को बैठक मिति २०८०।१०।२५ गते दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि आजको बैठक स्थगित भयो ।